पूर्वाञ्चल विश्वविद्यालय
परीक्षा व्यवस्थापन कार्यालय
विराटनगर, नेपाल

☎ : ५३२०२२,५३४८००(Ext. 112)
फ्याक्स : ९७७–२१–५२८४९१
पो.ब.नं. : १४२
इमेल : puoemgt@wlink.com.np


मितिः २०७५।०४।०६

श्री क्याम्पस प्रमुखज्यू,

**BE(Civil/Computer/E&C/Electrical/Geomatic/Biomedical), B. Architecture, BIT, BCA** अध्यापनहुने सम्पूर्ण क्याम्पस/कलेजहरू ।

## विषयः- परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।

पूर्वाञ्चल विश्वविद्यालयद्वारा २०७५ सालमा सञ्चालन गरिने विज्ञान तथा प्रविधि संकाय अन्तर्गतका **BE. (Civil/ Computer / E&C/Electrical/ Geomatic/Biomedical), B. Architecture BIT/BCA** चौथो र छैटौ सेमेष्टर **नियमित तथा आंशिक** परीक्षाका लागि त्यस क्याम्पस/कलेजमा सम्बन्धित शैक्षिक कार्यक्रमको सम्बन्धित सेमेष्टरमा नियमित रुपमा अध्ययन गरी आन्तरिक मूल्याङ्कन परीक्षामा उत्तीर्ण भएका विद्यार्थीहरू लाई मिति २०७५।०४।३० गते सम्म परीक्षा आवेदन फाराम भराई मिति २०७५।०५।०३ गतेभित्र परीक्षा आवेदन फाराम र नियमानुसारको परीक्षा शुल्क वापतको रकम नविल बैंक स्थित यस कार्यालयको **CALL A/C 0706010310803** मा जम्मा गरी सो को सक्कलै भौचर यस कार्यालयमा उपलब्ध गराई दिनु हुन जानकारी गराइएको छ । सो मितिसम्म फाराम भर्न छुट भएकाहरुका लागि रू ५००।- विलम्ब शूल्क लिई २०७५।०५।०६ गते सम्म फाराम भराई २०७५।०५।०८ गते भित्र यस कार्यालयमा पठाई सक्नु पर्ने छ । तोकिएको मितिभन्दा पछि परीक्षा शुरुहुनु भन्दा **पन्ध्र** दिन अगाडी सम्म रु १००० बिलम्ब शूल्क लिई परीक्षा आवेदन फाराम भराई नियमानुसारको शूल्क साथ परीक्षा आवेदन फाराम पठाउन सकिनेछ । **तोकिएको मितिभन्दा पछि प्राप्त भएका परीक्षा आवेदन फाराम उपर कुनै कारवाही नगरी सम्वन्धित क्याम्पस/कलेजमा फिर्ता पठाईने व्यहोरा समेत जानकारी गराइएको छ ।**

परीक्षा आवेदन फाराम पठाउदा प्रत्येक सेमेष्टरका फारमलाई भर्ना समुह अनुसार अंग्रेजी वर्णानुक्रम (**Ascending Order**) मिलाई वेग्ला वेग्लै फायलमा फाइलिङ्ग गरी परीक्षार्थी तथा शूल्कको विवरण समेत प्रत्येक फायलमा राखी पठाउनु पर्ने छ । यस प्रकार फाइलिङ्ग नगरी सोझै खाममा राखी पठाइएमा परीक्षा आवेदन फाराम फिर्ता पठाइने छ ।

पुनश्चः सम्वन्धित शैक्षिक कार्यक्रमको पाठ्यक्रममा तोकिएअनुसारको पूर्णाङ्को क्याम्पस स्तरमा लिइएको आन्तरिक मूल्याङ्कन परीक्षाको प्राप्ताङ्क अंग्रेजी वर्णानुक्रमानुसारको विद्यार्थीहरुको नाम भएको सिटमा उल्लेख गरी विषय शिक्षकको हस्ताक्षर र सोमा क्याम्पसका प्राचार्यले प्रमाणित गरी क्याम्पसको छाप लगाई अन्तिम परीक्षा शुरू हुने मितिभन्दा कम्तिमा ७ (सात) दिन पूर्व समष्टिगत प्राप्तांक तालिका समेत तयार पारी यस कार्यालयमा उपलब्ध गराउन जानकारी गराइएको छ । सो अवधिमा आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क उपलब्ध नभएमा त्यस्ता विद्यार्थीहरूलाई परीक्षामा सामेल नगराइने व्यहोरासमेत अवगत गराएको छु ।

| क्र. सं. | विवरण | परीक्षा शुल्क |
|---|---|---|
| १. | परीक्षा शुल्क (नियमित) | रू. ११००।- प्रति विद्यार्थी |
| २. | परीक्षा शुल्क (आंशिक) | १ विषय रू. ५००।-<br>२ विषय रू. ८००।-<br>२ भन्दा बढी विषय रू. ११००।- |

सह–परीक्षा नियन्त्रक

**नोटः सम्पूर्ण क्याम्पस / कलेजहरूले परीक्षा व्यवस्थापन कार्यालय विराटनगरमा सम्बन्धित क्याम्पस/कलेजका प्रतिनिधि मार्फत परीक्षा आवेदन फारामहरू बुझाउनु हुन जानकारी गराइन्छ । अन्य कुनै पनी माध्यमद्वारा पठाइएका परीक्षा आवेदन फारामहरू स्विकृत नगरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।**